राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३२, अङ्क– ३, साउन २२ गते शुक्रबार, २०८३ (7 August, 2026) | www.janajibro.com | मूल्य रु. १०।-

# रुस थेग्न युक्रेनलाई सकस

## युक्रेन क्षतविक्षत, रूसमा पनि ठूलै क्षति; अमेरिकी स्वार्थमा जेलेन्स्कीको विवेकहीनता

■ एजेन्सीहरूको सूचनामा आधारित

**एजेन्सी ।** अमेरिकी योजना र उक्साहट तथा उसैको दृश्य-अदृश्य आर्थिक एवम् सामरिक भरथेगगमा युक्रेनले रुससँग लडिरहेको प्रत्युत्पादक युद्ध तन्किइरहँदा दुवै पक्षले ठूलो मानवीय, भौतिक तथा सामाजिक एवम् अन्तर्राष्ट्रियस्तरमा साख गुमाउने जस्ता क्षतिहरू व्यहोरिरहेका छन् र यो सिलसिला अझै पनि जारी नै छ।

यो युद्धले रुसलाई समेत ठूलै क्षति पुऱ्याए पनि युक्रेनलाई भने तहसनहस नै पारिसकेको छ। आफ्नो राष्ट्रिय अवस्था र आवश्यकतालाई नरअन्दाज गरेर अर्केको स्थार्थका लागि अमेरिकाकै भरमा युद्धमा होमिइरहेको युक्रेनलाई रुसी प्रतियुद्ध थेग्न अब भने निकै सकस पर्दै गएको देखिँदैछ। युक्रेनमाथि भएको पछिल्लो घातक रुसी मिसाइल र ड्रोन आक्रमणबाट कम्तीमा १५ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको अधिकारीहरूले बताएका छन्। आक्रमणको क्रममा रुसले चार वर्षसम्म चलाएका भन्दा बढी ब्यालेस्टिक मिसाइलहरूको प्रयोग गर्न थालेपछि पछिल्लो समयमा किएभले अमेरिकामा निर्मित थप प्याट्रियट इन्टरसेप्टरहरू आपूर्ति गर्न दाता तथा सहयोगीहरूसमक्ष आग्रह गरेको जनाइएको छ। युक्रेनी वायुसेनाले सम्भावित ब्यालेस्टिक मिसाइलहरूको धम्की दिएपछि रुसले किएभमा विस्फोट गराएर जवाफ दिएको एएफपीले जनाएको छ। विस्फोटपछि त्यस क्षेत्रको हावामा घन्टौंसम्म धुवाँको कालो मुस्लो देखिएको रिपोर्टहरूमा उल्लेख छ।



कतिपय आवासीय भवन र धेरै गोदामहरूमा मिसाइल र ड्रोनको वर्षा नै भएको किएभको सैन्य प्रशासनले बताएको छ। रुसले जानाजानी नागरिक तथा नागरिक पूर्वाधारमा

क्रमशः अन्तिम पृष्ठमा

# 'जनताका आवाजले स्थानै नपाउने, सञ्चारकर्मीसँग बोल्नै डर लाग्ने'

**काठमाडौं ।** प्रतिनिधिसभाका महिला सदस्यहरूले जनसरोकारका विषय उठाउँदा सञ्चार माध्यमको पर्याप्त ध्यान नजाने तर व्यक्तिगत टिप्पणी, ट्रोलिङ र चरित्रमाथिका प्रश्नले भने विशेष चर्चा पाउने गरेकामा दुःखेसो पोखेका छन्। डिजिटल माध्यमद्वारा महिलामाथि भइरहेको हिंसालाई गम्भीर समस्याका रूपमा लिँदै त्यस्ता समस्या आफूहरूले समेत भोग्ने गरेको तितो यथार्थप्रति महिला सांसदहरूले गम्भीर असन्तुष्टि व्यक्त गरेका छन्।

सञ्जालमा व्याप्त यस प्रवृत्तिका कारण सार्वजनिक रूपमा बोल्ने आफूहरुको आत्मविश्वासमै समेत असर परेको धारणा महिला सांसदहरुले व्यक्त गरेका छन्। सामाजिक सञ्जालमा योजनाबद्ध ढङ्गले, ठूलै लगानी समेत गरेर चलाइएको अफवाह-आतङ्ककै बलमा 'ठूलो दल' देखिन पुगेको र स्वयम् आफूहरु समेत त्यही 'मसला र तागत' बाट 'सांसद' को पगरी गुथ्न सफल भएका सत्ताधारी दल राष्ट्रिय स्वतन्त्र पार्टीकै महिला सांसदहरु 'सञ्जालीय प्रदूषण' को बढी सिकार भएका देखिँदैछन्। यो अवस्थालाई स्वीकार्दै आफूहरुले पटक-पटक सदनमा जनसरोकारका विषय उठाइए पनि ती विषयले भने सामाजिक सञ्जाल र सञ्चार माध्यममा पर्याप्त स्थान नपाएको गुनासो रास्वपाकै सांसद डा. ललिता कुमारीले पोखेकी छन्। व्यक्तिगत टिप्पणी र चरित्रमाथि आक्षेप लगाउने सामग्री तथा प्रतिक्रियाले भने सञ्जालहरुमा बढी स्थान पाउने गरेको उनको गुनासो छ। 'मैले एकपटक होइन, पटकपटक सदनमा जनसरोकारका विषय उठाएकी छु,' उनले भनिन्- 'त्यो जनताको आवाज मैले उठाउँदा सामाजिक सञ्जाल सञ्चार माध्यममा कहीँकतै स्थान पाएको छैन तर व्यक्तिगत टिप्पणी र चरित्रहत्या गर्ने सञ्चारकर्मी (मुख्यतः सञ्जाल प्रयोगकर्ता) एवं कमेन्टहरू धेरै छन्।'

आफूहरूले भोगिरहेका समस्याले 'कभरेज' नपाउने मात्र नभई कतिपय व्यक्तिगत विषयमा अनावश्यक टीकाटिप्पणी हुने गरेको अनुभव धेरै महिला सांसदहरूले सुनाएका छन्। आफूहरूले उठाएका राजनीतिक मुद्दाभन्दा लैङ्गिकता, पहिचान, पहिरन, अनुहार, समुदाय र निजी जीवनले समाचार (मुख्यतः सामाजिक सञ्जाल) मा प्राथमिकता पाउने गरेको चर्चा गर्दै यो अवस्थाले आफूहरू हतोत्साहित हुनुपरेको उनीहरुले बताएका छन्। सञ्चारकर्मीसँग आफ्ना कुरा राख्न समेत डर लाग्न थालेको अनुभव एमाले सांसद रिङ्गला यादवले सुनाइन्। 'म पत्रकार/सञ्चारकर्मीसँग डराउछु, धेरै डराउन थालेकी छु,' उनले भनिन्- 'मेरो अभिव्यक्तिलाई जसरी प्रस्तुत गर्न खोजिन्छ, भिडियोमा आउने तुच्छ

क्रमशः अन्तिम पृष्ठमा

# नवउदारवादी पुँजीवादकै खरानीबाट वैज्ञानिक समाजवाद

**समय सन्देश**

हुकुमबहादुर सिंह

### भूमिका

विश्व मानव विकासको इतिहासको अध्ययनबाट के स्पष्ट हुन्छ कि विश्वमा जे जस्ता महामारी,युद्ध तथा अन्य संकट आएका छन् ती सबै मान्छेकै गल्तीबाट उत्पन्न गरिएका हुन्। तर ती सबैको नकारात्मक असर आखिरमा गरिब मान्छे र गरिब देशलाई नै बढी डसेको छ र नेपालजस्तो देश जहाँका जनता जीवन नीर्वाहामूखी कृषि, दैनिक ज्यालादारी र खुद्रा व्यापारले मात्र धानिएका छन्, तिनीहरूको हालत कस्तो होला ? सहजै अनुमान लगाउन सकिन्छ।

यो लेखको उद्देश्य यहाँ विश्वमा जे जस्ता महामारी आएका छन्, ती महामारीका कारण त्यसले गर्ने क्षति कति भयो होला, त्यो विगतका तथ्यांकले नै बताएको छ। तर, यस्तो महामारी किन बढ्दै गएको छ भन्नेबारेचाहिँ मानव समुदायले साच्चै नै सोच्नैपर्ने आवश्यकता भएको छ र यसका पछाडिको मूल कारण के हुन सक्छ ? यसमा पनि गहन खोजको आवश्यकता छ। यसका लागि विश्वमा बसोवास गर्ने समग्र मानव समुदायमाथि भइरहेको यी अनेक संकट र आक्रमण वारे कदापी ढिलाइ नगरी सोंच्नु आवश्यक भएको छ।

### जिम्मेवार को त ?

इतिहासको संक्षिप्त समिक्षाबाट पनि एउटा तत्थ्य के पत्ता लाग्छ भने सन् १९८० पछि विश्वमा मौलाउँदै गएको नवउदारवादी पुँजीवाद, जसले एकाधिकार पुँजीवादको आडमा विश्वव्यापीकरण, नवउदारीकरण र

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -**लेनिन**

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३२, अङ्क- ३, साउन २२ गते शुक्रबार, २०८३

## सम्पादकीय

# सञ्जालीय महारोग : नियन्त्रण होइन, स्वनियमन

सामाजिक सञ्जालबाट अफवाह फैलाएर र सत्य-असत्य छुट्याउन र ठम्याउन लेठो गर्न नचाहने बहुसंख्यक नागरिकको 'ब्रेनवास' गरी विद्युतीय आतङ्कवाद (डिजिटल टेरोरिज्म) मार्फत नागरिक कज्याएर शासन गर्न चाहने प्रवृत्ति हावी भइरहँदा सवै तहतप्काका नागरिक बिस्तारै त्यसखाले विषाक्त अपसंस्कृतिको मारमा पर्न थालका छन् ।

साइबर बुलिङ, ह्यारेसमेन्ट र मिसगाइडिङको सिकार सर्वसाधारण नागरिक त भइरहेकै छन्/थिए; अब त शासन चलाउने र कानुन बनाउने सांसदहरू नै साइबर आतङ्कवादको सिकार भइयो भनेर औपचारिक आवाज उठाउने अवस्थामा पुगिसकेका छन् । हालै मात्र राजधानीमा आयोजित एक एनजीओको कार्यक्रममा दर्जनौं महिला सांसदहरू, तीमध्ये पनि झन् सत्ताधारी सांसदहरूले नै साइबर आतङ्कवादबाट पीडित हुनुपरेको गुनासो प्राथमिकताका साथ राख्नुले स्थिति कति भयावह भइसकेको रहेछ- सहजै ठम्याउन सकिन्छ ।

हैसियत र ओहोदावालमाथि दुर्व्यवहार र अत्याचार हुँदा आवाज उठाउने प्ल्याटफर्म, निकाय र माध्यम धेरै छन् । तिनले साधारण उजुरी हाल्दा समेत राज्यका निकायहरूले उच्च प्राथमिकताका साथ कारबाही अघि बढाउँछन् र शीघ्रातिशीघ्र 'न्याय' समेत दिन्छन् । तर, 'हैसियतविहीन', न्यून साक्षरतायुक्त र न्याय खोज्न मेलोमेसो नपाएकाहरू उल्टै आफैं 'अपराधी', 'नालायक' र 'असभ्य' सावित हुन पुग्छन् । अतः यो अवस्थाबाट उन्मुक्ति पाउने उपाय भनेकै नियन्त्रणभन्दा पनि स्वनियमन र स्वसावधानी नै हो । र, यो चेत समाजको बहुसंख्यामा हुनुपर्छ ।

# नवउदारवादी पुँजीवादकै...

नीजीकरणका कारण लाखौं बिपन्न परिवारको जीवन लथालिंग बन्दै गएको छ । बसाइसराई, तीव्र सहरीकरण र उच्च बेरोजगारीआदि विश्व एकाधिकार पुँजीवाद (वर्तमान रूप साम्राज्यवाद) रहेसम्म कहिल्यै नसल्टिने समस्या बनेका छन् । सन् १९८० पछि विश्वमा फैलिएको एडसको माहमारी (जो धनाडय व्यक्तिहरूको ऐयाशीका कारण उत्पन्न भएको थियो ) ले पनि त ९० प्रतिशत एड्सको मार अफ्रिका तथा एशीयाका गरीब तथा विकासोन्मुख देशमा परेको इतिहास ताजै छ ।

यसरी सन् १९८०देखि खल्बलिएको विश्व अर्थतन्त्र र समाज अहिलेसम्म नतंग्रिएको निष्कर्ष चोमस्कीजस्ता समाजवादी अर्थविद्हरूले निकालेका छन् । नवउदारवादी पुँजीवादकै खरावीको परिणाम अहिले विश्वमा सामाजिक असमानता अझै बढदै गएको छ र गरीव र धनीबीचको असमानताको खाडल झन् झन् चौडा बन्दै गएको छ र मानिसहरू रोजगारीका अवसरहरू खोज्दै गाउँ छाडेर देश विदेशका सहरहरूमा खाँदिन पुँगेका छन् । यी सब कारणले पनि एड्स, कोरोनाजस्ता महामारीले विश्वका सहरहरूमा रहेका जनतामाथि बलियो आक्रमण गरेको विगतको यथार्थता हो । एडस, कोरोनाजस्ता महामारीबाट बच्नका लागि आखिरमा एउटा महत्पूर्ण भूमिका स्वास्थ्य केन्द्रहरू नै हुन्छन् । तर नवउदारवादी पुँजीवादको आडमा ल्याइएको विश्वव्यापीकरण, नवउदारीकरण र नीजीकरणका कारण नेपालजस्ता विश्वका देशहरूमा सार्वजनिक अस्पत्तालको अवस्था अप्ठ्यारोमा पर्दै जानु र सार्वजनिक स्वास्थ्यसेवा निजी अस्पतालतिर उर्लिदैं जानु सार्वजनिक अस्पत्तालहरूको भूमिका त्यति सशक्त देखिएको छैन् ।

नवउदारवादी पुँजीवादको आडमा ल्याइएको विश्वव्यापीकरण, नवउदारीकरण र निजीकरणका कारण समग्र राज्य सत्ता निजी अस्पताल पोस्न हतारिएको देखिन्छ । उदाहरणका लागि जव कोरोना सुरुमात्रै के भएको थियो(यसको महामारी रूप त अझै पछि को कुरा थियो) नेपालका निजी अस्पतालहरूले सार्वजनिक स्वास्थ्यसेवा दिन आनाकानी गरेका कुरा बाहिर आएका थिए । सामान्य रुघाखोकीका विरामीलाई अस्पत्तालको गेटबाटै फर्काइदिएका कुराहरू बाहिर आएका थिए । कोरोना सुरु हुँदा नेपालको तत्कालीन समाजवादको नारा दिने कम्युनिस्ट सरकार र समग्र राज्य सत्ता, जसले निजी अस्पताल पोस्ने काम गरिरहेका थिए, सार्वजनिक अस्पताल र नीजी अस्पतालबीचमा समन्वय एवम् सहकार्य गर्न स्मेत तत्कालीन नेपाल सरकारले सकिरहेको थिएन । यस्ता माहमारी रोकथामका लागि कस्तो स्वास्थ्य सेवा चाहिन्छ भन्ने त भरखरै चीनजस्तो स्वास्थ्य सेवा भएको देशले मात्रै सजिलै कोरोनाजस्ता महामारीको सामना र नियन्त्रण गर्न सक्छ भन्ने तथ्य सार्वजनिक भएको थियो । र यसले पनि समाजवाद र समाजवाद मात्तै यस्तो व्यवस्था हो जसले सही मानेमा कोरोनाजस्ता माहमारीको बेलैमा मुकाविला गर्न सक्छ भन्ने नै हो ।

चीनमा वैज्ञानिक समाजवाद त छैन तै पनि चीनको विशेषतामा अधारित समाजवादले देश र जनताको पक्षमा निकै राम्रा काम गरेको छ भनेर विश्व समुदायले पनि भनिरहेका छन् । यद्धपि भविश्यको चीन अहिलेको अमेरिका हुनेछ किनभने चीनले अहिले विश्वव्यापार संगठन, विश्व बैंक, अन्तराष्ट्रिय मुद्रा कोष, विश्वव्यापीकरण, उदारीकरण र नीजिकरणआदि जे जतिको घोडामा अमेरिका तथा युरोप र जापानका सरकारहरू सवार छन्, तिनै घोडामा चीन सवार हुन तयार देखिएको छ ।

### इतिहासमा भएका महामारीहरू

विगतमा फैलिएको कोरोना भइरसलाई संयुक्त राष्ट्र संघले दोस्रो विश्व युद्धपछिको महामारी भनिरहेको थियो । किनभने त्यो भन्दा अगाडि यस्ता अनगिन्ति महामारी भएका छन् । पहिलो विश्वयुद्ध सन् १९१४ जुलाई २८मा सुरु भएको थियो । यसका पछाडिको एउटा प्रमुख कारण दुनियाँभर फैलिरहेकै युरोपेली बजारका बीचको होडबाजी थियो । चार वर्षसम्म लम्बिएको त्यो युद्धमा २१ लाख मान्छेको ज्यान जाँदा पनि हारजित भइरहेको थिएन । आखिरमा सबै खाले युद्ध र नरसंहारको मार त पृथ्वी र पृथ्वीमा वस्दै आएका गरीबले नै झेल्नु पर्छ भन्ने त्यसवेला नै देखिएको थियो । यद्धपि विश्वका गरीव जनताका लागि त्यो युद्धको एउटा राम्रो परिणाम आशाको किरण लिएर पहिलो समाजवादी देश सोभियत संघको उदय भयो । त्यो युद्धको एउटा नराम्रो परिणाम युद्धको डढेलो झेलिरहेको पृथ्वीले विश्वयुद्धको चौथो वर्षको सुरुआत, सन् १९१८ मार्चमा नै इन्फ्लुएन्जाको संक्रमणको सामना गर्नु पर्‍यो । करिब ५ करोड मान्छेको ज्यान लिने उक्त महामारीको उग्ररूप विश्वले त्यतिबेला देख्यो, जतिबेला स्पेनका राजा अल्फाँसो तेह्रौं इन्फ्लुएन्जाबाट संक्रमित भए । मे २२, १९१८ मा स्पेनको 'एबीसी न्युजपेपर' मा प्रमुख समाचार बनेको यस महामारीलाई 'स्पेनिस इन्फ्लुयन्जा' को नाम दिँदै स्पेनले महामारीको दोष फ्रान्समाथि लगायो । यसको करिब ५ महिनापछि नोभेम्वर ११, १९१८ मा अमेरिकी नेतृत्वमा चार वर्ष लामो विश्वयुद्ध बिसाइयो । त्यतिबेलासम्म स्पेनिस फ्लुकै कारण काम गर्ने २० देखि ४० वर्षका झन्डै ३ करोड ४० लाख नौजवानको ज्यान गइसकेको थियो (जैके तबनबर्गर र डीएम मरन्स, २००६; १९१८ इफ्लुयन्जा : द मदर अफ अल प्यान्डेमिक) ।

अहिले विश्वका सबै देशहरू घनाजंगल मासेर सहर वसाइएका देशहरू हुन् । जव जंगल मासिन्छ अनि जंगल मासिएपछि जगली पशुपक्षीहरू पनि सहरको वोरीपरी खानका लागि झुम्मिन्छन् । स्पेनिस इन्फ्लुयन्जाजस्तो महामारीको ठ्याक्कै एक सय वर्षपछि चीनको वुहान राज्यबाटै कोरोना भाइरसको संक्रमण जागेको हो । यसको दोष जंगली जनावर-चमेरोलाई दिइए पनि मान्छेले प्रकृति र जंगली जीवजन्तुमाथि गरिरहेको रजाइँको चर्चा कही कतै गरिरहेको पाइएको छैन् । पृथ्वीसँग बिग्रँदो सम्बन्धको मार फेरि पनि बिपन्न र कम आय भएका सामाजिक समूहमा बढी परेको राहतका नाममा ५ किलो चामलका लागि दिनभरका दिनभर लाइनमा बसिरहेको देखिन्छ । जवकि पृथ्वीसँग बिग्रँदो सम्बन्धका लागि विश्वका अति धनी र सम्पन्न देशहरू अमेरिका, चीन, फ्रान्स जापान, जर्मन, बेलायतआदि नै जिम्मेवार छन् ।

### प्रकृति-मानिस सम्बन्धलाई कसरी सुधार्ने ?

समाज विकासको साथै भौतिक विकासको ट्रेन्ड हेर्दा दुनियाँमा जहाँ सहर, उद्योग र व्यापारको विकास भएको छ, त्यहाँका अधिकांश रैथानेहरू कि त विस्थापित गरिएका छन् कि त ज्यालादारी कामदार बनेका देखिन्छ । जब यीनीहरू बाहिर पारिन्छन् उनीहरूका रैथाने खानेकुरामाथि आगन्तुक (बाहिरबाट बसाइसरी आएका) हरूको बर्चश्व कायम बन्दै जान्छ र ती चीजहरूको व्यापार (बेचविखन) उनीहरूले गर्न थाल्दछन् । ती आगन्तुकहरू, जो वाहीरबाट बसाइसरी आएका हुन, जसले कतिपय खानाको पर्यावरणीय, सामाजिक तथा सांस्कृतिकजस्ता मर्मबारे बुझेका हु"दैन र बुझ्न् पनि चाहादैनन् । ती खानेकुरा जंगली पशुपक्षीबाट कसरी खान योग्य बनाइएका थिए, त्यसको खोजीनीति उनीहरबाट हुँदैन । यहीँनेरबाट प्रकृति, जीवजन्तु र मानिसको सम्बन्धमा खटपट सुरु भएको इतिहास पाइन्छ । र, परिणाम प्रकृतिलाई आफ्ना नंग्राहरू-बहुराष्ट्रिय कम्पनीहरूमार्फत अनाधिकृतरूपले एक आपसमा खरीद बिक्रि गरेर त्यसबाट आफ्नो समृद्धि र सन्तुष्टिको स्वाद लिंन खोज्ने नवउदारवादी पुँजीवादका गलत कार्यहरूको कारण कोरोनाजस्तो महामारी बनेर समग्र मानव समुदायमाथि प्रकृतिले बज्र प्रहार गर्दछ र समाजमा महामारीको रूपमा देखापर्छ । जसको सामाजिक एवम् सांस्कृतिक क्षतिपूर्ति नै छैन ।

बहुराष्ट्रिय कम्पनीहरू कसरी प्रकृतिमाथि अत्यधिक शोषण गरेर अत्यधिक फाइदा लिन खोज्छन् भन्ने यो उदाहरणले स्पष्ट पार्न मद्त गर्दछ । यसवारे 'जर्नल अफ अवेसिटी प्रिभेन्सन' लेख्छ- अहिले विश्वमा गहुँबाट मात्रै दैनिक १ सय २२ भन्दा बढी खानेकुराका परिकार बन्छन् । जति परिकारको संख्या बढेको छ, उति धेरै प्रविधि र मेसिनको प्रयोग बढेको छ । खानेकुराका प्रकार थपिँदै जाँदा, व्यावसायिक खेती गर्ने घनाजंगल तीव्र गतिमा मासिएको छ । रेनफरेस्ट एक्सन नेटवर्क-२०१७ का अनुसार विश्वमा बहुराष्ट्रिय कम्पनीहरूले चलाएका ठूला खाद्य उत्पादक कम्पनीका कारण बर्सेनि २० हजार हेक्टर जंगल सखाप भइरहेको छ । फर्निचर बनाउँदा होस या खानी उत्खनन गर्दा वन नै मासिएको छ । यसरी मान्छेका सबै प्रगति र उन्नति पृथ्वी(प्रकृति)को बेचबिखनमा उभिएका छन् र यी सबैका पछाडि अति विकसितदेशका बहुराष्ट्रिय कम्पनीहरू जिम्मेवार छन् ।

जर्नलले अझ स्पष्ट पार्दै लेख्दछ, अहिलेसम्म करिब १३ लाख १९ हजार हेक्टर जंगल मासेर उद्योग, खानी तथा सहरी विकास भएका छन् । यसको क्षेत्रफल दक्षिण अमेरिकी देश कोस्टारिकाको डेढ गुणा जति हुन आउँछ । एक वर्ग किमिमा करिब ७५ हजार रूख हुर्कन्छन् । यो हिसाबमा त अहिलेसम्म समृद्धिको नाममा करिब ६९ अर्ब रूख काटिइसकेका छन् । यसले कति पशुपक्षीको बसोबास नष्ट भयो होला । सयौं पशुपक्षी त गाँसबास नपाएरै पृथ्वीबाट अस्ताइसकेका छन् । कति मान्छेको वरपर आइपुगेका पशुपक्षीको कारण मान्छे र प्रकृतिको सम्बन्ध लथालिंग भएको छ । जर्नलले जोड दिएर भनेको छ । यी सबैका कारण पृथ्वीमा बढदै गएको तातो पनाले एक दिन विश्वको समग्र सृष्टि इतिहासको गर्भमा जाने सबैलाई थाहा नभएको कहाा होर ?

म्यासाचुसेटस इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआएटी) का इमेरिटस प्रोफेसर एवम अरिजोना विश्वविद्यालयका लरिएट प्रोफेसर नोम चोम्स्कीले कोभिड-१९ को सन्दर्भमा यसो भनेका थिए । उनकै शब्दमा -"कोभिड-१९ को आँधीबेहरीले पुँजीवादी अर्थतन्त्र त ठप्पै भएको छ । विश्व-मन्दी अब रोकेर रोकिन सक्ने अवस्थामा छैन ।"

यस्तो महामारी कुनै महाविपत्तिको रूपमा विश्वमा आउँछ भन्ने अनेकौ पूर्वानुमान नगरिएका पनि होइनन । यसवारे विभिन्न फिल्महरू बनाएका थिए, पुस्तकहरू लेखिएका थिए तर किन विश्वले र विश्वका वैज्ञानिकहरूले यसबारे गम्भीर भएर किन यसका विरुद्ध विश्व मानव समुदायलाई बचाउनका लागि कुनै तैयारी गरेनन त ? यसवारे नोम चोम्स्कीको भन्दछन्--'भविष्यमा आउन सक्ने महाविपत्तिको पूर्वसावधानी अपनाउने काममा कुनै नाफा नदेख्ने' आर्थिक प्रणालीको सोच्ने नवउदार पुँजीवादको क्रुर तरिकाले त्यस्तो संकटको पूर्वतयारी गरेन ।

जव विश्वमा कोरोना भाइरस एउटा महामारीका रूपमा फैलिंदै गयो, विश्वले देख्दै गयो, देखिरहेको पनि छ कि यो महामारीको सामनामा गर्न संयुक्त राज्य अमेरिकाको पुरै असफल देखियो । यसअर्थमा संरा अमेरिका संसारकै सबभन्दा बढी प्रभावित देश बन्न गयो । भाइरसको महाव्याधि सुरु भएको देश चीनलाई पनि संरा अमेरिकाले उछिने्को थियो । संसारदाई थाहा छ संरा अमेरिका नवउदारवादी पुँजीवादको जन्मथलो हो ।

नवउदारवादी पुँजीवाद जसले 'सरकार नै समस्याको मूल जरो हो । ' भन्दछ र निर्णय प्रक्रिया धेरैभन्दा धेरै ब्यापारीको हातमा हुनुपर्छ भन्छ । निजी नाफाको लागि काम गर्नेहरूलाई सबै कुराको निर्र्णय गर्ने अधिकार सुम्पिनुपर्छ भन्ने मान्यता राख्छ र सार्वजनिक हितमा चासो राख्नेहरूको प्रभावबाट निर्णय प्रक्रिया मुक्त गरेर व्यापारिका हातमा राखिनुपर्छ भन्ने सिद्धान्तको पक्षपोषण गर्दछ । अमेरिकी पूर्व राष्ट्रपती रोनाल्ड रेगनले त्यस्तो घोषणा गरेपछिका यताका वर्षहरूमा अनियन्त्रित पुँजीवादी व्यवस्थाले मौलाउने अवसर पायो, परिणाम नवउदारवादी निर्ममताको मात्रा थपिदै गयो । फलतः आजको टेढो मेढो बजारको रचना भयो ।

अमेरिकामा रोनाल्ड रेगन र बेलायतमा मार्गरेट थ्याचरको पालादेखि नै पुँजीवादको नवउदारवादी संस्करण शक्तिसाली बन्दै आएको हो । यद्धपि उनीहरूभन्दा केही अघिबाटै नवउदारवादको सुरुवात भएको थियो । नेपालमा नवउदारवादको नकारात्मक असर डा. रामशरण महत (जसलाई स्वयम नेपाली कांग्रेसकी नेतृ सुजाता कोइरालाले देश र नेकाँ पार्टीभित्रको विदेशी दलाल भनेर बोलेकी थिइन्) जव सरकारका अर्थमन्त्री बने उनले अमेरिकामा रोनाल्ड रेगन र बेलायतमा मार्गरेट थ्याचरको पालादेखि नै पुँजीवादको नवउदारवादी संस्करणलाई नेपालको अर्थतन्त्रमा भद्धा नक्कल गरे । समाजवादी देशहरू-रुस र चीनले नेपाली जनतालाई उपहारस्वरूप बनाइदिएका कैयौ कलकारखाना तथा उद्योगधन्दाहरूलाई ती बेचेवापत प्राप्त हुने कमिसनको लागि कौडीको मूल्यमा भारतीय व्यापारीहरूलाई बेचे । परिणाम हजारौ नेपाली युवाहरू बेरोजगार बने र कामको खोजमा विदेशतीर भौंतारिन बाध्य बनाइए । यसो गरेवापत उनी अमेरिकी

क्रमशः चौथो पृष्ठमा

## हर्मुज सम्झौता 'अन्तिम चरणमा'

**एजेन्सी ।** अमेरिका, इरान र ओमानबीच हर्मुज जलघाँटीमा समुद्री आवागमन पुनः व्यवस्थित गर्ने अन्तरिम सम्झौता अन्तिम चरणमा पुगेको दावी गरिएको छ । अघिल्लो महिना अमेरिका-इरानबीच भएको १४ बुँदे समझदारीपत्र (एमओयु) बिफल भएपछि बढेको तनाव कम गर्दै युद्धविरामको पुनर्स्थापना र आणविक वार्ता पुनः सुरु गर्ने उद्देश्यसहित अमेरिकाले बुधबार सम्झौताको घोषणा गर्ने तयारी गरेको दुई क्षेत्रीय स्रोत र एक अमेरिकी अधिकारीलाई उद्धृत गर्दै एक्सियोसले जनाएको छ ।

प्रतिवेदनअनुसार प्रस्तावित व्यवस्थाले ६० दिनका लागि हर्मुज जलघाँटी हुँदै हुने समुद्री यातायात सञ्चालनको अन्तरिम ढाँचा तय गर्नेछ । यस अवधिमा खाडीभित्र प्रवेश गर्ने जहाजहरू इरानी जलक्षेत्रको उत्तरी जलमार्गबाट सञ्चालन हुनेछन् भने बाहिरिने जहाजहरूले इरानसँगको समन्वयमा ओमानी जलक्षेत्रको दक्षिणी मार्ग प्रयोग गर्ने व्यवस्था रहनेछ । यस अवधिभर कुनै पनि जहाजबाट टोल वा पारवहन शुल्क नलिने सहमति भएको जनाइएको छ । सम्झौतामा ३० दिनभित्र मध्य जलमार्गमा राखिएका नौसैनिक बारुदी सुरुङ हटाउने योजना पनि समावेश गरिएको छ । त्यसपछि उक्त मार्गलाई इरान र ओमानबीच हुने स्थायी व्यवस्थाअन्तर्गत दुवैतर्फका जहाज आवागमनका लागि प्रयोग गर्ने तयारी रहेको प्रतिवेदनमा उल्लेख छ । एक्सियोसका अनुसार ह्वाइट हाउस, ओमान र अन्य क्षेत्रीय मध्यस्थकर्ताले करिब तीन साताअघि पनि यस्तै समझदारी भएको विश्वास गरेका थिए । तर त्यसपछि इरानले जहाजमाथि आक्रमण पुनः सुरु गरेको आरोप लागेपछि दुई सातासम्म तनाव बढ्दै क्षेत्रीय सुरक्षा अवस्था जटिल बनेको थियो ।

यसबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले खाडी क्षेत्रका साझेदार मुलुकसँग परामर्शपछि कूटनीतिक प्रयासलाई थप समय दिने निर्णय गर्दै इरानविरुद्ध तत्काल व्यापक सैन्य कारबाही नगर्ने निर्णय गरेका थिए । यद्यपि छिट्टै सहमति नभए सैन्य विकल्प खुला रहने चेतावनी पनि उनले दिएका थिए । प्रतिवेदनका अनुसार वार्तामा ओमान र इरानसँगै कतार, पाकिस्तान र साउदी अरेबियाले पनि मध्यस्थकर्ताको भूमिका निर्वाह गरेका छन् भने ह्वाइट हाउस प्रत्यक्ष रूपमा संवाद प्रक्रियामा संलग्न रहेको छ ।

अमेरिकी विशेष दूत स्टिभ विटकोफले पछिल्ला दिनमा इरानी विदेशमन्त्री अब्बास अराघची र ओमानी विदेशमन्त्री बद्र अल-बुसाइदीसँग पटक-पटक छलफल गर्नुभएको एक्सियोसले जनाएको छ । दुई क्षेत्रीय स्रोतका अनुसार अराघचीले सप्ताहन्तमै प्रस्तावित व्यवस्थाप्रति सैद्धान्तिक सहमति जनाएका थिए तर अन्तिम स्वीकृतिका लागि इरानका सर्वोच्च नेता मोजतावा खमेनी र सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्को अनुमोदन आवश्यक थियो । एक अमेरिकी अधिकारी र एक क्षेत्रीय स्रोतलाई उद्धृत गर्दै एक्सियोसले इरानको नेतृत्वले मंगलबार स्वीकृति प्रक्रिया पूरा गरेपछि सम्झौताको औपचारिक घोषणाको बाटो खुलेको जनाएको छ ।

## वर्तमान सरकारले भ्रष्टाचारीलाई संरक्षण गरिरहेको छ : विप्लव

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले सरकार असफलतातिर अघि बढिरहेको बताएका छन् । विप्लवले काठमाडौंमा पत्रकार सम्मेलन गर्दै सरकार गठनको छोटो समयमा नै जनता निराश बन्न थालेको र सरकार असफलतातिर अघि बढिरहेको टिप्पणी गरेका हुन् ।

संघीय राजधानी काठमाडौं बुधबार पत्रकार सम्मेलन गरेका विप्लवले विद्रोहको भावनाबाट बनेको वर्तमान सरकारले जनअपेक्षा अनुसार काम गर्न नसकेको आरोप लगाए । पत्रकार सम्मेलनमा जनता र नयाँ पुस्तामा असन्तुष्टि बढेर पुनः आन्दोलन र विद्रोहको वातावरण सिर्जना भइरहेको बताए । भ्रष्टाचारीहरूलाई कारबाही गर्नुको साटो उल्टै संरक्षण गरिएको, उनीहरूको मनोबल बढेको र धरौटी वा विना धरौटी सहजै रिहाइ भइरहेको प्रति समेत उनले चिन्ता व्यक्त गरे । सरकार कुनै स्पष्ट नेतृत्व वा दिशानिर्देश विना चलेको जस्तो देखिएकाले जनता अन्योलमा परेको चर्चा गर्दै उनले विद्यमान प्रणाली र सरकार असफलतातिर गइरहेकाले युवा, जेनजी र सर्वसाधारणको सहभागितामा स्पष्ट राजनीतिक, आर्थिक र सांस्कृतिक प्रस्तावसहित नयाँ निकास खोज्नु पर्नेमा जोड दिए ।

## यी हुन् मन्त्रिपरिषद बैठकका पछिल्ला ७ निर्णय

**काठमाडौं ।** बुधबार मन्त्रिपरिषद बैठकले सुनसरी र सिराहा जिल्लामा भएका प्रदर्शनका क्रममा मृत्यु हुने र घाइतेहरूलाई क्षतिपूर्ति, राहत, उपचारको व्यवस्था गर्नेसहितका सात वटा निर्णय गरेको छ । सरकारका प्रवक्ता सस्मित पोखरेलका अनुसार उक्त बैठकले लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा याङ्की उक्याबलाई नियुक्तसहितका उक्त निर्णय गरिएको हो ।

बैठकले विश्वविद्यालय अनुदान आयोगमा रिक्त रहेको अध्यक्ष पदमा प्राध्यापक डाक्टर खड्गबहादुर केसी र सचिव पदमा प्राध्यापक डाक्टर रोजेश श्रेष्ठलाई नियुक्ति गर्ने निर्णयसहित तथ्याङ्क पहिलो संशोधन नियमावली २०८३ स्वीकृत गरेको छ । सोही बैठकले नेपाल इन्टरमोडल यातायात विकास समिति गठन आदेश २०५४ खारेज गर्ने र नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभ्न स्वीकृति दिने निर्णय समेत गरेको सरकारका प्रवक्त पोखरेलले बताए । सुनसरी र सिराहा जिल्लामा भएको प्रदर्शनका क्रममा मृत्यु हुने र घाइतेहरूलाई क्षतिपूर्ति, राहत, उपचारको व्यवस्था गर्ने गरेको उनले जानकारी दिए ।

बुधबार मन्त्रिपरिषद बैठकले गरेका सात निर्णयहरू :- १.तथ्याङ्क पहिलो संशोध नियमावली २०८३ स्वीकृत गर्ने, २. दोस्रो, लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा याङ्की उक्याब काठमाडौंलाई नियुक्ति गर्ने, ३. नेपाल इन्टरमोडल यातायात विकास समिति गठन आदेश २०५४ खारेज गर्ने र नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभ्न स्वीकृति दिने, ४. पशु बधशाला र मासु जाँच ऐन २०५५ चरणबद्ध रूपमा नेपाल राज्यभर लागू गर्ने, ५. बालबालिका सम्बन्धी पहिलो संशोधन विधेयक २०८३ संघीय संसद समक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने, ६. विश्वविद्यालय अनुदान आयोगमा रिक्त रहेको अध्यक्ष पदमा प्राध्यापक डाक्टर खड्गबहादुर केसी पर्वत र सचिव पदमा प्राध्यापक डाक्टर रोजेश श्रेष्ठ भोजपुरलाई नियुक्ति गर्ने र ७. सुनसरी र सिराहा जिल्लामा भएको प्रदर्शनका क्रममा मृत्यु हुने र घाइतेहरूलाई क्षतिपूर्ति, राहत, उपचारको व्यवस्था गर्ने सहितका रहेका छन् ।

## ब्यारेकमै पुगेर सेनालाई थर्काए रास्वपा सांसद पाण्डेले

**काठमाडौं ।** सत्ताधारी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद राजुनाथ पाण्डेले नेपाली सेनालाई ब्यारेकमै पुगेर थर्काएका छन् । सांसद पाण्डेको दुर्व्यवहारप्रति सेनाले प्रधानमन्त्री बालेन शाहसँग गुनासो पोखेपछि उनले विगतमा महानगरमा आफूसँगै काम गरेका पाण्डेलाई गल्ती स्वीकार्दै माफी माग्न सुझाएका छन् ।

सेनाको गुनासो सनेलगत्तै प्रधानमन्त्री शाहको टिमले यसअघि बालेनसँगै महानगरमा काम गरेर सांसद राजु पाण्डेलाई गल्ती स्वीकार्दै माफी माग्न भनेका थियो । काठमाडौंको गोकर्णस्थित बागमती करिडोर विस्तारका क्रममा नेपाली सेना र रास्वपाका सांसद राजुनाथ पाण्डेबिचको विवाद चौतर्फी चासोको विषय बनेपछि सांसद पाण्डेले विज्ञप्ति जारी गर्दै स्पष्टीकरण दिएका छन् । माकलबारीबाट गोकर्णेश्वर मन्दिरतर्फ जाने सडक विस्तारका क्रममा काठमाडौं क्षेत्र नम्बर ३ का सांसद पाण्डेसहितका जनप्रतिनिधिहरू डोजर लिएर पुगेका थिए । गोकर्णेश्वर क्षेत्रमा पर्ने नेपाल ट्रस्टको जग्गामा रहेको सेनाको विपद व्यवस्थापन तालिम केन्द्रको पर्खाल भत्काउने विषयलाई लिएर सांसद पाण्डे र त्यहाँ खटिएका सैनिक अधिकारीबिच भनाभन भएको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको थियो ।

सुरक्षामा खटिएका सैनिक अधिकारीले आधिकारिक पत्र माग गर्दै ब्यारेक र सुरक्षा संवेदनशीलताको विषय उठाउँदै गर्दा सांसद पाण्डेले भौतिक पूर्वाधारमन्त्री नेपाल ट्रस्टको अध्यक्ष रहने र सडक विस्तारको काम नरोकिने भन्दै पर्खाल भत्काइछाड्ने अडान लिएका थिए । स्रोतका अनुसार त्यही विवादमा केन्द्रित भएर प्रधानमन्त्री बालेन शाह र प्रधानसेनापति अशोक सिग्देलबिच सिंहदरबारमा भेटवार्ता भएको हो । 'प्रधानमन्त्रीसँग रक्षा मन्त्रालयको पनि जिम्मेवारी छ, त्यसक्रममा नियमित भेट हुनु स्वाभाविक नै हो । तर यसमा सेनासँग माननीय पाण्डेले गरेको व्यवहार पनि चर्चा भयो' स्रोतले भन्यो ।

प्रधानमन्त्री ध्यानाकर्षण र चौतर्फी आलोचनापछि सांसद पाण्डेले सार्वजनिक रूपमा विज्ञप्ति जारी गर्दै स्थिति स्पष्ट पारेका हुन् । विज्ञप्तिमा उनले नेपाली सेनाप्रति आफ्नो उच्च सम्मान रहेको उल्लेख गर्दै भाइरल भिडियो समन्वयका क्रममा केही मिनेट ढिलाइ हुँदाको मात्र भएको दावी गरेका छन् । उनले प्रारम्भिक भनाभनपछि नेपाली सेनासँगै मिलेर र पूर्ण समन्वयका साथ बागमती करिडोर विस्तारको काम सम्पन्न गरिएको बताएका छन् ।

## राष्ट्रिय स्वाभिमानमाथि चोट पुग्दा सरकार किन मौन : बराल

**काठमाडौं ।** बारम्बार देशको सीमामा छिमेकीको अतिक्रमण भइरहँदा र सीमावासी नागरिकमाथि पीडा दोहोरिरहँदा समेत सरकार कान तेल हालेर बसेको भन्दै नेकपा एमालेका सांसदले प्रतिनिधिसभा बैठकमा त्यसको जवाफ माग गरेका छन् ।

पश्चिम नवलपरासीस्थित सुस्ता क्षेत्रमा भारतीय सशस्त्र सीमा सुरक्षा बल (एसएसबी) नेपाली भूमिमा प्रवेश गरेको विषयमा एमालेले सरकारसँग जवाफ माग गरेको छ । एमालेका सांसद गुरु बरालले मंगलबार प्रतिनिधिसभा बैठकमा बोल्दै भारतीय एसएसबी सिभिल पोसाक लगाएर नेपाली भूमिमा प्रवेश गरेको विषयप्रति सरकारसँग जवाफ माग गरेका हुन् । सीमा क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकमा असुरक्षा र मुलुकको स्वाभिमानमा चोट पुग्दा समेत सरकार मौन बसिरहेको भन्दै आपत्ति व्यक्त गरेका सांसद बरालले भने 'प्रधानमन्त्रीज्यू, यसको संवदेनशीलतालाई महसुस गर्न यो संसदले कति समय खर्च गर्नुपर्ने हो ? कति समय ध्यानाकृष्ट गर्नुपर्ने हो ? यो अत्यन्त लज्जाको विषय बनेको छ । यस विषयमा सम्मानीय प्रधानमन्त्रीज्यूले जिम्मेवारपूर्ण भूमिका निर्वाह गर्नुस् ।'

सुस्ताको जमिनमाथि फेरि चोट पुगेको बताउँदै उनले देशको सीमा अतिक्रमणको मुद्धाले पीडामा परेको बताए । उनले सुनसरीको देवानगञ्जस्थित कप्तानगञ्जमा भएको धार्मिक तथा साम्प्रदायिक तनाव हुनुको कारण र सुरक्षा कमजोरीको विषयमा निष्पक्ष छानविन गर्न समेत सदनमार्फत जानकारी गराए । पश्चिम नवलपरासीको सुस्तामा एसएसबी पसेर अस्थायी बाँध भत्काइदिएको थियो । एसएसबीले आइतबार दिउँसो ३ बजेतिर सुस्ता गाउँपालिका-५ थारुटोलास्थित अस्थायी तटबन्ध भत्काउन खोजेपछि स्थानीयले प्रतिकार गरेका थिए ।

नारायणी नदीमा भइरहेको तटबन्धमा भारतीय पक्षले रोक लगाएपछि केही दिनअघि बस्ती जोगाउन सुस्तावासीले माटोको बाँध बाँधेका थिए । यसअघि सुस्तास्थित नारायणी नदीमा १ सय ३२ मिटर क्षेत्रमा भातरीय सुरक्षाकर्मीले तटबन्ध गर्न रोक लगाउँदा विवाद भएको थियो । सुस्तामा तटबन्ध निर्माणको काम चलिरहेको अवस्थामा डेढ महिनाअघि निर्माणाधीन तटबन्धको पूर्वी भारतीय सीमा सुरक्षा बलले नेपाली भूभागमै आएर निर्णाण रोक्न भनेका थिए ।



# नवउदारवादी पुँजीवादकै...

नवउदारवादी खेमाबाट पुरस्कृत पनि गरिए । रेगनले पनि त धनी मानिसबाट करको भार हटाएर सर्वसाधारणको काँधमा करको भारी थोपरिदिएका थिए। शेयरको मूल्य बढाउन शेयर किनबेचलाई आधिकारिकता दिए, ब्यापारी र शेयर मालिकहरूलाई धनी बनाए। तर, उद्योगको उत्पादनशीलतालाई भने बेवास्ता गरेका थिए। त्यसवेला असाध्यै धनी मानिसप्रति रेगनको सद्भाव आजसम्म आइपुग्दा प्रगतिको अर्कै उचाइमा पुगेको छ।

नवउदारवादी पुँजीवाद विश्वमा अनगिन्ति महामारीका लागि कसरी जिम्मेवार छ भन्ने विषयमा छलफल आवश्यक छ। अहिलेको यो गञ्जागोलको अवस्था आउनुका पछाडि नवउदारवादी पुँजीवाद किन जिम्मेवार छ त ? यसवारे नोम चोम्स्कीको भनाइ यस्तो छ- 'जब नवउदारवाद हावी हुन्छ तब सरकारले समग्र बजारका असफलतामा केही गर्न सक्दैन, हरेक चीजको निर्णायक बजार बन्न जान्छ। बजारको कुरा प्रस्ट छ-'भविष्यको लागि लगानी गर्नु घाटाको ब्यापार गर्नु हो।' यस्तो अवस्थामा सरकारले पहलकदमी लिनुपर्थ्यो। तर, अहिले शासन गरिरहेको 'सरकार नै समस्याको जड हो' भन्ने नवउदारवादी सिद्धान्तले सरकारलाई त्यस्तो पहल लिन रोक लगाएको छ। नेपालमा पनि वर्तमान रास्वापा सरकारलाई यही सिद्धान्तका कारण पहल लिन रोक लगाएको छ कि भन्ने देखिएको छ, त्यो भनेको-'भविष्यको लागि लगानी गर्नु घाटाको ब्यापार गर्नु हो।' त्यसैले त ल्पेन चार्टर गरेर विदेशबाट मानिस ल्याउन हतारिन्छ, तर नेपाली मजदुरहरलाई दुईचार गाडि खोजेर उनीहरूका घरसम्म पुऱ्याउन आनाकानी गर्दछ। यहानेर नोम चोम्स्कीको माथिका भनाइहरू कति सान्दर्भिक छन्। रास्वपासरकारका अर्थमन्त्री वाग्ले नेकाँका रामशरण महतका नयाँ सस्करण भएको त उनले पेशगरेको बजेट ले स्पष्ट पार्न मद्त गर्ने छ।

यो सन्देहरहित सत्य हो। जब नवउदारवाद हावी हुन्छ तब सरकारले समग्र बजारका असफलतामा केही गर्न सक्दैन। त्यही कारण आज गञ्जागोलको अवस्था निम्तिएको छ। नवउदारवादी दर्शनअनुसार हुने त्यस्तै हो। मिल्टन फ्रीडम्यान र नवउदारवादका अरु हिमायतीले हामीलाई सिकाएका छन् ब्यापार प्रबन्धकको मूल जिम्मेवारी भनेको नाफा अधिकतम बनाउनु हो। यो नैतिक जिम्मेवारीबाट थोरै पनि यताउता भए 'सभ्य जीवन' को जग हल्लिन्छ।

### पैसाको बलमा तहसनहस विश्व-पर्यावरण

नवउदारवादको उदयसँग उत्पन्न कोरोना विश्वका मानव जातिकै लागि एउटा महामारी सत्रु बन्यो। तर पृथ्वी र मानवबीचको सम्बन्धलाई सन्तुलित राख्ने दवाव यसले दिएको छ। त्यसैले यसका केही सकारात्मक पक्षहरू पनि बाहिर आउन थालेका छन्। भरखरै फरवरी २४, २०२० देखि चीनले ५४ थरीबाहेक अ्न्य जिउँदो जंगली पशुपक्षी बेच्न र उपभोग गर्न स्थायी प्रतिबन्ध लगाएको छ। त्यसअघि चीनमा मात्रै करिब ९७ प्रजातिका विभिन्न जिउँदो जंगली जनावरको बेचबिखन हुने गरेको अनुमान नेसनल जियोग्राफी २०१६ ले गरेको छ। दक्षिणपूर्वी एसियामा मात्रै ४० प्रजातिका चराचुरुंगी, स्तनधारी तथा घस्रने जीवजन्तुको बेचबिखन र उपभोग हुन्छ।

नेसनल जियोग्राफीको सर्वेक्षणअनुसार अहिले पनि ८३ प्रतिशत चिनियाँ आफ्नो खानाको रूपमा जंगली पशुपक्षीको मासु खान रुचाउँछन्। यद्यपि विश्वभर र चीनमा समेत 'मास-डिफरेस्टेसन' भइरहेकाले यिनको आपूर्ति भने सहज देखिन्न। केही वर्षयता नेपालमा समेत जंगली पशुपक्षीको उपभोग बढेको छ। बट्टाई, कालिज, खरायो र बंदेलजस्ता जिउँदो जंगली पशुपक्षीको व्यावसायिक पालन बढेको छ। यसले के देखाउँछ भने विश्वभर जति सहर बढेका छन् त्यति नै वन विनाश र जंगली पशुपक्षीको उपभोग बढेको छ। बहुराष्ट्रिय कम्पनीहरूले पैसाको बलमा विश्व पर्यावरणलाई तहसनहस पारिरहेका छन्। परिणाम कोरोना जस्ता महामारीको जन्म हुन जान्छ।

### प्रकृति-मानव सम्बन्ध : मानवशास्त्रीय विश्लेषण

मानवशास्त्री फेडरिक कुक (२०२०) ले भनेका थिए-"कोरोनाजस्तो महामारीका मुख्य कारणमध्ये मान्छे र जनावरबीच बिग्रँदो सम्बन्ध पनि एक हो। तथापि यो नयाँ भने होइन। यसलाई राज्यले व्यवस्थापन गर्न सक्छ। तर पनि राज्यको ध्यान अर्थतन्त्रबाहिर गएको देखिन्न। प्रकृति र मान्छेको बीचमा सम्बन्ध कसरी बिग्रन नदिने भन्नेबारे सोचिएकै छैन। मान्छेको खाद्य तथा सामाजिक सम्बन्धलाई जोखिमयुक्त बन्न नदिनेबारे मनन गरिएको छैन।"

यसमा जोड दिँदै फेडरिक कुकले लेख्छन्-"सुरक्षित र अनुशासित खाद्यउपभोग नै महामारीका प्रतिरोधक हुन्। तर नयाँ खानेकुराको बढ्दो आविष्कार र प्रयोगले मान्छे र प्रकृतिको सम्बन्ध नै खलबलिएका छन्। जुन स्वस्थ मान्छेको चुनौती हो। यसलाई कम गर्न, मान्छेको समृद्धि र प्रगतिको भोक अनुशासित बनाउनुको अर्को विकल्प छैन। यो नै भोलिको महामारी नियन्त्रणको भरपर्दो बाटो हो। अब प्रकृति बेचबिखनको वस्तु मात्र होइन। यो त मान्छेको जीवन र अस्तित्त्व हो भने अहिले ती नवउदारवादी पुँजीवादी विद्वानहरूले बुझ्नुपर्छ। वन्यजन्तु मान्छेका लागि किन यति डरलाग्दो भयो। यसको सामाजिक र सांस्कृतिक पक्षबाट खोजी र चर्चा हुनुपर्छ।"

### नवउदारवादी पुँजीवादको अन्त्य र वैज्ञानिक समाजवादको विकास

जसरी पुँजीवादी विकासले गर्दा गाउँहरू सहरका कारण रित्तिएका छन्, सहर मान्छेको हूलले भरिएको छ, यही रूपमा अघि बढ्दै गएमा आउँदा दिनमा कोरोनाभन्दा पनि अझै भयानक महामारी आउने पक्का छ। यो फेरि पनि सहरमै दोहोरिनेछ। राष्ट्र संघको 'रिभिजन अफ वर्ल्ड अर्बानाइजेसन प्रस्पेक्ट, २०१८ ले सन् २०५० सम्ममा विश्वका ६८ प्रतिशत मानिस सहरमा बस्ने अनुमान गरिसकेको छ। अहिले नै विश्वमा ४ अर्ब २३ करोड मान्छे सहरमा बस्छन्, जसले खेतीपाती गर्दैनन्, उद्योग, व्यापार र नोकरी गर्छन्। यो संख्या अबको ३० वर्षमा एसिया र अफ्रिकामा मात्रै २ अर्ब २५ करोडले बढ्नेछ। विश्वका ८० प्रतिशतभन्दा बढी मानिस परम्परागत खेतीबाट बाहिर हुनेछन्। त्यतिखेर एशियाका भारतसँग ४१ करोड ६० लाख, चीनसँग २५ करोड ५० लाख र अफ्रिकाको नाइजेरियासँग १८ करोड ९० लाख थप सहरी जनसंख्या हुनेछ। अब कल्पना गरौं। यो जनसंख्याका लागि बहुराष्ट्रिय कम्पनीहरूले 'मास-फुड-सप्लाई' गर्न कति वनजंगल र जंगली पशुपक्षी तहसनहस गर्नेछन् ?

अहिले विश्वमा राज गरिहेको नवउदारवादी पुँजीवाद उद्योगसँगै सहर बनाउने काममा पनि दौडिरहेको छ। धेरै कमाइ हुने भएपछि मान्छेहरू सहरतिर ओइरिएका छन्। जर्नल अफ अवेसिटी प्रिभेन्सन (२०१०) ले भनेको छ-"अहिले धेरै मान्छे धेरैथरी खाने कुरा किन्न सक्ने भएका छन्। यसले गर्दा खाद्यान्नको माग र उपभोग अस्वाभाविक चुलिएको छ। सन् १९८० यता सहरमा बस्ने मान्छेले आफूलाई चाहिनेभन्दा ६० प्रतिशत बढी खाद्यान्न उपभोग गर्छन्। तर यही बेला विश्व बैंकले नेपालमा मात्रै बर्सेनि झन्डै ३९ हजार मेट्रिक टन खाद्यान्न आपूर्तिको अभाव रहेको तथ्य निकालेको छ। अहिले खाद्यान्नको उत्पादन जीवनका लागि होइन, बेचबिखनका लागि हुन्छन्। कारखाना, बजार र व्यापारले गर्दा मान्छेको सम्पर्क पहिलेभन्दा बाक्लो र नजिक भएको छ। जति मानिस सहरमा खाँदिएका छन् कोरोनाजस्ता महामारी पनि उति नै बलियो बन्दै गएका छन्।

जर्नल लेख्छ-"खानेकुराको प्रकार र प्रकृति यति जटिल भएकोछ, यसले मानिसको जीवन तथा काम गर्ने शैली नै बदली दिएको छ। यो सँगै पृथ्वी र पशुपक्षीसँग मानिसका सम्बन्ध पनि बदलिएको छ। खाने कुरामा पशुपक्षीको उपभोग अत्यधिक बढेको छ। अहिले मासुका लागि मात्रै जंगली पशुपक्षीको उपभोग ७३ प्रतिशतले बढेको छ। विश्वभर मान्छेले दैनिक आफ्नो खानाको ६२ प्रतिशत हिस्सा मासुले भर्छन्। यो सबै कसरी सम्भव भयो ? सहरमा कैयौं खाद्य-उद्योग फस्टाएका छन्। र, खानेकुराको हजारौं प्रकारले ती उद्योग बाँचेका छन्। यसले मान्छेलाई चाहिनेभन्दा बढी खाना खान उक्साइरहेको छ। व्यावसायिक पशुपक्षीपालक र कृषि कम्पनी उसैगरी जति सकिन्छ धेरै उत्पादन गर्न हौसिएका छन्। जंगली जनावर तथा पशुपक्षीको चोरी सिकारी बढेको छ। धनि र सम्पन्नका घरमा अनावश्यक खानेकुराले भान्छा भरिएका हुन्छन्। चाहिनेभन्दा बढी अन्न फलाउन दिनदिनै जंगल सखाप भइरहेको छ। यस्तो मान्छेले आफू बसेकै पृथ्वी बेचेर समृद्धि र सन्तुष्टिको स्वाद लिइरहदा कसरी पृथ्वी (प्रकृति) चुप लागेर बस्न सक्छ र ? यसरी आफू बसेकै पृथ्वी बेचेर समृद्धि र सन्तुष्टिको स्वाद लिंन खोज्ने सामाजिक मूल्य मान्यतामाथि आक्रमण गर्ने विश्व नवउदारवादी पुँजीवाद, जसको वर्तमान रूप एकाधिकार पुँजीवाद( विश्व साम्राज्यवाद) हो र बहुराष्ट्रिय कम्पनीका रूपमा विश्वभर फैलिएका त्यसका दलालहरूको अन्त्य र वैज्ञानिक समाजवादको विकास नहोउन्जेल यस्ता प्रकृतिजन्य महामारी मानव समुदायमा दोहोरि रहने छन्। यसैले नवउदारवादी पुँजीवादको अन्त्य र वैज्ञानिक समाजवादको विकासले मात्रै मानव समाज र सभ्यतामाथि आइपर्ने महामारीको उत्पत्ति रोक्न सक्छ।

singhhukum683@gmail.com

# निर्मला हत्याकाण्डबारे सरकारसँग छैन जवाफ, भन्छन्– तपाईंहरूले किन गर्नुभएन ?

**काठमाडौं ।** बिहीबार राष्ट्रियसभामा बैठकमा मन्त्रालयगत प्रश्नोत्तर कार्यक्रममा गृहमन्त्री सुधन गुरुङले कञ्चनपुरकी निर्मला पन्त हत्या प्रकरणबारे उठेका प्रश्नको जवाफ दिनुको सट्टा उल्टै प्रश्नकर्ता सांसदहरूलाई प्रतिप्रश्न गरेपछि माफी माग्नु भएको छ।

प्रश्नोत्तर कार्यक्रम सुरु हुनासाथ नेपाली कम्युनिस्ट पार्टीका सांसद विष्णुबहादुर विश्वकर्माले निर्मला पन्तको बलात्कारपछि हत्या भएको घटनामा दोषी पत्ता लगाएर न्याय दिलाउन नसक्नुको कारण र पीडितले कहिलेसम्म न्याय पाउने भन्दै सरकारलाई प्रश्न गरेपछि गृहमन्त्री गुरुङले 'म यसको उत्तर दिन चाहन्नँ' भन्दै प्रतिप्रश्न गरेका थिए 'माननीयज्यूले उठाउनु भएको विषय एकदमै संवेदनशील छ। यो प्रश्न म हजुरलाई पनि गर्न चाहन्छु, हजुरहरूले सत्तामा हुँदा किन नगर्नुभएको ?' उनले प्रतिनिधिसभा र राष्ट्रियसभामा यो विषय दोहोऱ्याएर नउठाउन सांसदहरूसँग चेतावती समेत दिएका थिए। 'यो प्रश्न अब प्रतिनिधिसभा र राष्ट्रियसभामा नउठाइदिनुहोस्। केही जान्नुपर्ने भए व्यक्तिगत रूपमा मलाई सोध्नुस्। उत्तर मसँग छ।' त्यसलगत्तै सभाध्यक्ष नारायणप्रसाद दाहालबाट पूरक प्रश्नका लागि समय पाएका सांसद विश्वकर्माले प्रश्न सोध्नु सांसदको विधायिकी अधिकार भएको भन्दै मन्त्रीले जवाफ दिनु संसदीय प्रणालीको दायित्व भएको बताए। सरकार गठन भएको सवा चार महिना बितिसक्दा पनि अनुसन्धान निष्कर्षमा पुग्न नसकेकोप्रति पुनः प्रश्न गरे 'अबको कति महिना वा कति दिनभित्र हाम्रो चेली निर्मलाले न्याय पाउँछिन ?'

'कञ्चनपुरकी निर्मला पन्त हत्या प्रकरणमा लामो समय बितिसक्दा पनि सरकारले दोषी पत्ता लगाई न्याय दिन नसक्नुको कुरो के हो ? राज्य संयन्त्रको असक्षमता हो कि कारबाही गर्न नचाहेको हो ? सरकारले हाम्री चेली निर्मलालाई कहिलेसम्म न्याय दिलाउँछ ?' भन्दै प्रश्न गर्दा गृहमन्त्रीले अब आइन्दा यस्तो प्रश्न नगर्न सांसदहरूलाई चेतावनी दिएका थिए। आफ्नो त्यस्तो जवाफ ठाडो भएको भन्दै बिहीबारै गृहमन्त्री गुरुङले माफी माग्दै भनेका छन् 'हजुरहरूबाट हामीले धेरै सिक्न बाँकी छ। सिक्दै जान्छौं। मेरो तर्फबाट अलिकति ठाडो जवाफ भयो जस्तो लाग्यो। यसका लागि क्षमाप्रार्थी पनि छु। हजुरहरूसँग माफी पनि माग्न चाहन्छु' आफ्नो उक्त अभिव्यक्तिप्रति माफी माग्दै गृहमन्त्री गुरुङले भनेका छन्।

# सरकार–'हिन्दूवादी' बीच १३ बुँदे 'सहमति'

**काठमाडौं ।** जिल्ला प्रशासन कार्यालय धनुषामा गृहमन्त्री सुधन गुरुङसहितको सरकारी वार्ता टोली र 'हिन्दूवादी' प्रतिनिधिका बीच १३ बुँदे सहमति भएको उल्लेख छ। धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलका अनुसार गत शनिबार राति सम्पन्न सरकारी टोली र ती प्रतिनिधिहरूबीच १३ बुँदे सहमति भएको हो।

वार्तामा आन्दोलनरत 'हिन्दू सम्राट सेना'लगायतका संयुक्त हिन्दू मोर्चाले धार्मिक सदभाव, सामाजिक शान्ति र राष्ट्रिय पहिचानसँग सम्बन्धित विषय उठाउँदै १३ बुँदे मागपत्र पेस गरेको थियो। त्यही मागपत्रका आधारमा सहमति भएको प्रजिअ लुइँटेल जानकारी दिए। १३ बुँदे सहमतिमा नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्ने विषयमा तीन महिनाभित्र सर्वदलीय छलफल प्रक्रिया अगाडि बढाउने, धार्मिकस्थलमाा हतियार प्रदर्शन तथा उत्तेजक गतिविधि नियन्त्रण गर्न, मठमन्दिर, गुम्बा, मस्जिद र चर्चलगायतका धार्मिकस्थलमा जडान गरिएका लाउडस्पिकर तथा ध्वनी विस्तारक उपकरणको प्रयोगलाई व्यवस्थित गरिने, आवश्यक धार्मिक गतिविधिमा सीमित ध्वनी प्रयोगको व्यवस्था मिलाइने जस्ता विषय समेटिएको छ। सोही सममतिमा धार्मिकस्थलमा बसोबास गर्ने व्यक्तिहरूको अभिलेखीकरण गर्न, विदेशी नागरिक भए सम्बन्धित निकायमार्फत निगरानी र व्यवस्थापन गर्ने तथा सामाजिक सञ्जारमार्फत धार्मिक, साम्प्रदायिक वा जातीय द्वेष फैलाउने व्यक्तिमाथि कानुनी कारबाही गरिने, सुनसरीको देवानगञ्ज घटनापछि पक्राउ परेकाहरूको मुद्धा पुनरावलोकन गरी आवश्यक निर्णय लिन, आन्दोलनका क्रममा घाइते भएकाहरूको उपचार तथा स्वास्थ्य सेवाको व्यवस्था गर्न र धार्मिक आयोगहरूको औचित्य, आवश्यकता तथा कानुनी आधारको पुनरावलोकन गरिने सहमति भएको उल्लेख गरिएको छ।

सहमतिमा आन्दोलनमा सहभागी नागरिकहरूको सुरक्षा सुनिश्चि गरिने, नेपाली नागरिकता वितरण प्रक्रियाको छानबिन गरी विदेशी नागरिकसँग सम्बन्धित विषयमा कानुनी प्रक्रिया अघि बढाउन तथा मदरसा, मस्जिद र अन्य धार्मिक संस्थामा प्राप्त हुने विभिन्न स्रोतको आर्थिक अनुगमन गरिने, धार्मिक संस्थामा आउने आर्थिक स्रोतको पारदर्शिता कायम गर्न आवश्यक परे नियमन तथा कारबाही प्रक्रिया अगाडि बढाउने सहमति भएको बताइएको छ। गृहमन्त्री गुरुङ सहभागी वार्तामा मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादव, प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराई, गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो, प्रतिनिधिसभा सदस्य मनिष झा, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह एवं हिन्दू सम्राट सेनालगायतका हिन्दुवादी संगठनका प्रतिनिधिहरूको सहभागिता रहेको उल्लेख छ।

# सर्वोच्चको अनुमतिले बल्झियो कांग्रेसमा आधिकारिकता विवाद

**काठमाडौं ।** यसअघि विशेष महाधिवेशनलाई आधिकारिकता दिने निर्वाचन आयोगका निर्णयलाई कानुनसम्मत ठहऱ्याउँदै सर्वोच्चको संयुक्त इजलासले टुंग्याएको कांग्रेसको आधिकारिकता विवाद सर्वोच्च अदालतको पछिल्लो निर्णयले फेरि सतहमा ल्याएको छ।

सर्वोच्च अदालतले कांग्रेसको आधिकारिकता विवादमा यसअघि गरेको फैसलामाथि बिहीबार पुनरावलोकन गर्न अनुमति हुने आदेश दिएको हो। प्रधानन्यायाधीश डा मनोजकुमार शर्मा, न्यायाधीशहरू नित्यानन्द पाण्डेय र श्रीकान्त पौडेलको पूर्ण इजलासले ऽबिहीबार यसअघि गरेको फैसला पुनरवलोकन गर्न अनुमति हुने आदेश दिएको हो पछि कांग्रेसको आधिकारिता विवादको फैसलामाथि पुनरावलोकन हुने भएको छ। कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्काले सर्वोच्च अदालतमा पुनरावलोकन गर्न माग गर्दै निवेदन दिएका थिए। अदालतले पुनरावलोकन गर्न 'निस्सा' (अनुमति) प्रदान गरेको छ।

यसअघि, न्यायाधीशहरू सारङ्गा सुवेदी र नृपध्वज निरौलाको इजलासले गत वैशाख ४ गते विशेष महाधिवेशनबाट चुनिएका सभापति गगनकुमार थापाको कार्यसमितिलाई मान्यता दिएको थियो। यसअघि दुई न्यायाधीशको इजलासले विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापालाई आधिकारिकता दिने फैसला ठिक थियो कि थिएन भन्ने विषयमा बहस हुने भएको छ। अब तीन न्यायाधीशको इजलासबाट हुने बहसले कांग्रेसको आधिकारिकताको निर्णय हुने भएको हो। आधिकारिकता विवादमाा शेरबहादुर देउवा र पूर्णबहादुर खड्काले दायर गरेको पुनरावलोकन निवेदनमाथि बिहीबार प्रधानन्यायाधीश मनोजकुमार शर्मासहितको इजलासमा पेसी तोकिएको थियो।

न्यायाधीशद्वय नित्यानन्द पाण्डेय र श्रीकान्त पौडेल समेतको इजलासले त्यस्तो आदेश दिएसँगै यसअघि सर्वोच्चको संयुक्त इजलासले टुंग्याएको आधिकारिकता विवाद पुन ब्यूँतिएको हो। गत पुसको विशेष महाधिवेशनबाट निर्वाचित थापा नेतृत्वको कार्यसमितिलाई निर्वाचन आयोगले वैधानिकता दिएपछि देउवा समूह त्यसविरुद्ध सर्वोच्च अदालत पुगेको थियो।

- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर–टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर–शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ–आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध–विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

# शंखरापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, शंखरापुर
साँखु, काठमाडौं
बागमती प्रदेश, नेपाल

- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर–टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर–शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ–आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध–विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

# गोदावरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, गोदावरी
बज्रबाराही, ललितपुर
बागमती प्रदेश, नेपाल

- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर–टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर–शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ–आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध–विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

# महालक्ष्मी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, महालक्ष्मी
कमलपोखरी, ललितपुर
बागमती प्रदेश, नेपाल

- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर–टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर–शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ–आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध–विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

# नागार्जुन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, नागार्जुन
हरिसिद्धि, सीतापाइला, काठमाडौँ
बागमती प्रदेश, नेपाल

## रुस थेग्न युक्रेनलाई...

आक्रमण गरिरहेको आरोप किएभको सैन्य प्रशासनले टेलिग्राममार्फत लगाएको छ। चार जिल्लामा आगलागी भएपछि राजधानी किएभमा एक महिलाको मृत्यु हुनुका साथै कम्तीमा २४ जना घाइते भएको सैन्य प्रशासनले जनाएको छ। किएभ क्षेत्रमा भएको आक्रमणमा १४ जनाको मृत्यु भएको क्षेत्रीय अधिकारीहरूले बताएका छन् भने किएभको वरपरका क्षेत्रहरूमा २० जनाभन्दा बढी घाइते भएको उल्लेख गरिएको छ। किएभ क्षेत्रले फेरि सबैभन्दा दुःखद आक्रमणको अनुभव गरेको क्षेत्रीय सैन्य प्रशासनका प्रमुख तिमुर टाकाचेन्कोले टेलिग्राममार्फत जनाएका छन्। यसअघि शनिबार किएभ र यसका उपनगरहरूमा भएका रुसी आक्रमणहरूमा १० जनाको मृत्यु हुनुका साथै ३० जनाभन्दा बढी घाइते भएको र युक्रेनी ड्रोनहरूले कृष्णसागरमा विशाल रुसी कन्टेनर जहाज डुबाएको रिपोर्ट गरिएको थियो।

युक्रेनले पछिल्लो समय रुसका तेल तथा ग्यास सुविधाहरूलगायत नागरिक पूर्वाधारहरूमा आक्रमण तीव्र पारेपछि रुसले युक्रेनमाथि जवाफी हमला गर्दै ड्रोन आक्रमणहरू पनि बढाउँदै लगेको देखिएको छ। मस्को क्षेत्रमा भएको आक्रमणमा ५ जनाको मृत्यु हुनुका साथै १० जना घाइते भएको जनाइएको छ। रुसी राजधानीतर्फ गइरहेका कम्तीमा १० वटा ड्रोनलाई देशको हवाई सुरक्षाले रोकी नष्ट गरेको मस्कोका मेयरले बुधबार बताएका छन्। मस्कोको दक्षिणमा रहेको तुला क्षेत्रका गभर्नरले रुसी रक्षा सेनाले रातभर १०७ वटा युक्रेनी ड्रोनहरू नष्ट गरेको र आक्रमणमा दुई अपार्टमेन्ट भवनहरू क्षतिग्रस्त भएको तथा यस क्षेत्रमा ड्रोन खसेर आगलागी भएको जानकारी दिए।

यसैबीच, खेरसन सहरमा युक्रेनले ड्रोनद्वारा एक व्यक्तिलाई पछ्याई-पछ्याई आक्रमण गरेको भिडियोमा आक्रोश व्यक्त गर्दै रुसले त्यस हर्कतलाई नागरिकहरूलाई लक्षित गरेर जानाजानी 'शिकार' गरेको आरोप लगाएको छ। सन् २०२२ फेब्रुअरीमा रुसले गरेको आक्रमणपछि अहिले फेरि नागरिक हताहतीको बढ्दो संख्या उच्चस्तरमा पुगेको भन्दै संयुक्त राष्ट्रसंघका मानवअधिकार पर्यवेक्षकहरूले 'चिन्ता' व्यक्त गरेका छन्। युक्रेनी राष्ट्रपति भालोदिमर जेलेन्स्कीले आफूसँग ब्यालेस्टिक मिसाइल इन्टरसेप्टरको अभाव भएका कारण 'मानवजीवन नष्ट गर्ने त्यस्ता आक्रमणहरू' गर्न रुसलाई प्रोत्साहन मिलेको दावी गरेका छन्। गत मंगलबार अमेरिकी समकक्षी डोनाल्ड ट्रम्पसँगको भेटमा आफूले आंशिक रूपमा घरेलु प्याट्रियट संरक्षण गर्ने हतियार उत्पादन गर्ने इजाजतपत्रका लागि वासिङ्टनसामु अनुरोध गरेको समेत उनले बताएका छन्। शनिबार आफूले युक्रेनी सैन्य-औद्योगिक जटिल उद्योगलगायतका केन्द्रहरूमा प्रहार गरेको रुसले बताएको छ।

## जनताका आवाजले...

कमेन्टले म आजित छु।' सञ्चार माध्यम र सामाजिक सञ्जालमा हुने 'ट्रोलिङ' ले आफूलाई सार्वजनिक रूपमा अभिव्यक्ति दिन समेत असहज बनाएको उनले बताइन्। 'जुन किसिमले मेरो ट्रोल बनाइयो, आत्मविश्वास मात्र खस्केको छैन, सञ्चारकर्मीसँग बोल्नै पनि डर लाग्न थालेको छ मलाई'- उनले थपिन्।

आफू मधेसी समुदायको भएकै कारण फरक दृष्टिकोणबाट आउने टिप्पणीप्रति आपत्ति व्यक्त गर्दै काँग्रेस सांसद रेखाकुमारी यादवले भनिन्- 'तपाईं मधेसी जस्तो लाग्नुहुन्न, कति स्पष्ट बोल्नुभएको भन्ने टिप्पणी हास्यास्पद लाग्छ।' मिडियामा अझै पनि मधेसी तथा दलित समुदायका महिलाको प्रभावकारी उपस्थिति कम रहेको भन्दै राष्ट्रिय मुद्दामा बोल्दा विषयभन्दा पहिरन, अनुहार वा बाहिरी प्रस्तुतिले प्राथमिकता पाउने गरेकामा उनले असन्तुष्टि व्यक्त गरिन्। काँग्रेसकै अर्की सांसद नीनुकुमारी कर्णले मधेसी महिलामाथि हुने 'स्टेरियोटाइपिङ' का कारण आफूहरूले उठाउने विषय ओझेलमा पर्ने गरेको दुःखेसो पोखिन्। महिला सांसदहरूको राजनीतिक भूमिकालाई सबल बनाउन व्यक्तिगत टिप्पणी र पूर्वाग्रही प्रस्तुतिले बाधा पुऱ्याइरहेको उनको बुझाइ छ।

अर्की सांसद पार्वती विकले सार्वजनिक रूपमा हुने ट्रोलिङ र डिजिटल हिंसाले महिला सांसदहरूको राजनीतिक आवाज नै कमजोर हुने गरेको बताइन्। 'अब त हिंसा भोग्न कसैसँग भेट्नै पर्दैन,' उनको गुनासो छ- 'कति सजिलै हामीमाथि विभिन्न माध्यमबाट हिंसा गरिन्छ; डिजिटल हिंसाविरुद्ध अब सामूहिक चेत खुल्नुपर्छ र आवाज बोल्नुपर्छ।' राष्ट्रिय प्रजातन्त्र पार्टीकी सांसद सरस्वती लामाले महिलाको राजनीतिक परिचय समेत पुरुषसँग जोडेर प्रस्तुत गर्ने प्रवृत्ति रहेको सुनाइन्। निर्वाचित भएपछि सञ्चार माध्यममा आफ्नो परिचयमा पटक-पटक श्रीमान्को नाम जोडिएकामा उनले गुनासो पोखिन्। 'महिलासँगै सिंगो समुदायप्रति नै विभेद हुन्छ'- उनले भनिन्।

सामाजिक सञ्जालमा हुने व्यक्तिगत आक्षेप, ट्रोलिङ र अपमानजनक प्रतिक्रियाका बाबजुद पत्रकारिताले आफूहरूलाई नेतृत्वको भूमिका निर्वाह गर्न आत्मविश्वास दिएको समेत महिला सांसदहरूको अनुभव छ। राजनीतिमा महिलाको उपस्थितिलाई स्थापित गर्न सञ्चार माध्यमको भूमिका महत्त्वपूर्ण रहेको नेपाली कांग्रेसकी प्रमुख सचेतक बासना थापाले बताइन्। 'कर्णालीबाट महिला निर्वाचित हुन सक्ने आत्मविश्वासमा मिडियाले नै सहयोग गऱ्यो,' सांसद थापाले थपिन्- 'सांसदको भूमिकामा अब्बल बन्ने प्रयासमा हामीलाई मिडियाले हाम्रो उपस्थितिलाई अझै बढी स्थान दिनुपर्छ।'

'एफडब्लुएलडी' द्वारा हालै काठमाडौंमा आयोजित कार्यक्रममा सांसदहरूले सञ्चार माध्यमसँगको आफ्नो अनुभव सुनाउँदै यी धारणा व्यक्त गरेका हुन्। तर, अधिकांश सांसदले सामाजिक सञ्जालका तुच्छ, निम्नस्तरीय र आपराधिक हर्कतहरुलाई 'मिडिया' वा 'सञ्चार माध्यम' का गतिविधिको रुपमा प्रस्तुत गरे। कानुन बनाउने र मुलुक हाँक्नेहरुले नै सामाजिक सञ्जाल र आमसञ्चार माध्यमबीचको भेद खुट्याउन नसक्नुले उनीहरुमाथि भइरहेका र हुने त्यस्ता हिंसा न्यूनीकरणमा खासै बल भने पुग्ने देखिएन।

## 'सेना' नामका समूहहरूलाई निषेध गर्न हर्कको सुझाव

**काठमाडौं।** मुलुकमा देखापरेका 'सेना' नामका विभिन्न समूहहरूलाई निषेध गर्न श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई (साङ्पाङ) ले सरकारलाई सुझाव दिएका छन्। प्रतिनिधिसभाको मंगलबारको बैठकमा बोल्दै नेपालमा एकमात्र सेना नेपाली सेना रहेको उल्लेख गर्दै सेनाका नाममा चर्चामा आएका समूहहरूलाई निषेध गर्नुपर्ने जोड उनले दिएका हुन्।

पछिल्ला दिनहरूमा मधेश प्रदेशका विभिन्न जिल्लामा चर्किएको हिन्दु र मुस्लिम समुदायबीचको द्वन्द्व अन्त्य गराउने क्रममा गृहमन्त्री सुधन गुरुङले 'हिन्दु सम्राट सेना' नामक समूहसँग वार्ता गरेका प्रसंगलाई कोट्याउँदै उनले सरकारको ध्यानाकर्षण गराए। 'समस्या निस्कियो, समस्याको समाधान गर्नका लागि गृहमन्त्री एउटा समूहसँग बस्नुभयो भन्ने कुरा आएको छ। त्यो समूहको नाम सेना रहेछ, हिन्दु सम्राट सेना। मैले बुझेको यो नेपाल भनेको सार्वभौम देश हो, यहाँ एउटै मात्र सेनाको नाम छ, त्यो हो नेपाली सेना' सांसद राईको भनाइ थियो 'अब यसरी ठाउँठाउँमा सेना गठन गर्ने छुट कसले दिएको हो ? सेना गठन गर्न पाउने मापदण्ड के-के हुन् ? त्यो मापदण्ड पूरा गरेर क-कसले सेना गठन गर्न पाउने हो ? यदि एउटै मात्र सेना रहन पाउँछ भने यो देशमा विभिन्न सेना नामका समूहहरूलाई सरकारले निषेध गरोस्। त्यस्ता सेना नामका समूहहरूसँग वार्ता नै गर्नुहुन्न।'

विभिन्न समुदायबीच हुने विवादले द्वन्द्वको रूप नलिँदै समाधानका लागि राज्य अग्रसर हुनेपर्नेमा सांसद राईको जोड थियो। प्रधानमन्त्री बालेन शाहले गत जेठ १७ को प्रतिनिधिसभा बैठकमा दिएको सीमासम्बन्धी अभिव्यक्ति सच्याउन माग गर्दै सांसद राईले भने 'हामी यहाँ थुप्रै दिनदेखि प्रधानमन्त्रीको अभिव्यक्ति सच्याउनुपर्छ भनेर माग गरिहेका छौं। रेकर्डबाट पनि हटाइएको छैन।' सभामुख डीपी अर्यालललाई समेत प्रश्न गर्दै सांसद राईले थपे 'तपाईंलाई पनि नेपालले भारतको भूमि मिच्छ भन्ने लागेकै हो र ? मेटाउनु भएको छैन भने यहाँले पनि भनिदिँदा हुन्छ।' उनले संसदमा बोलेका कुराको सम्बोधन हुनुपर्ने राईको भनाइ थियो।


सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं !

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव,
समुन्नत समाजको आधार !

नेपाल सरकार
विज्ञापन बोर्ड





प्रकाशक: कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]
कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं